COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.३४८४, मिति २०७६-१२-२० को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कायदिश बमोजिम यस जिल्लाको जिल्लागत Crisis Management Center को बैंठक आज मिति २०७७-०९-२० गते देहायका महानुभावहरूको समुपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः-**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री गोविन्द प्रसाद रिजाल | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| जि.स.अ. | श्री आनन्दराज पोखरेल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| प्रमुख सेनानी | श्री राजेश थापा | पुरानो गोरख गण, सुपारेटार व्यारेक |
| प्रहरी उपरीक्षक | श्री सुशील सिंह राठौर | जिल्ला प्रहरी कार्यालय, मकवानपुर |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री निरकृष्ण अधिकारी | सशस्त्र प्रहरी बल नेपाल, नं.१४ गण, हे.क्वा. |
| उप-अनुसन्धान निर्देशक | श्री लीलाधर पौडेल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मकवानपुर |
| मे.सु. | डा. प्रविण श्रेष्ठ | हेटौंडा अस्पताल, हेटौडा |
| स.प्र.जि.अ. | श्री चिरञ्जीवी शर्मा | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| नर्सिङ अधिकृत | श्री अम्बिका पाण्डे | जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुर |

**सल्लाहकारः-**

| | | |
|---|---|---|
| प्रमुख | श्री रघुनाथ खुलाल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| उप-प्रमुख | श्री मिना कुमारी लामा | हेटौडा उ.म.न.पा. |

**आमन्त्रितः-**

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | श्री नमराज घिमिरे | हेटौडा उ.म.न.पा. |
| अध्यक्ष | श्री लेखराज पोखरेल | उद्योग संघ मकवानपुर |
| बरिष्ठ उपाध्यक्ष | श्री माधव न्यौपाने | मकवानपुर उद्योग वाणिज्य संघ, हेटौडा |
| शाखा अधिकृत | श्री तीर्थराज उपाध्याय | हेटौडा अस्पताल, हेटौडा |
| मन्त्री | श्री खेमराज सापकोटा | नेपाल रेडक्रस सोसाइटी मकवानपुर |

निर्णयहरू:-

१. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का सदस्यहरूद्वारा आ-आफ्ना क्षेत्रबाट भइरहेका गतिविधिका सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.१८५८, मिति २०७७-०९-०८, च.नं.१९४५, मिति २०७७-०९-१४ र च..नं.२०४६, मिति २०७७-०९-१९ को पत्रमार्फत कार्यान्वयन तथा जानकारीका लागि प्राप्त **"नयाँ प्रजातिको कोभिड-१९"** प्रकोप देखिएकोले अन्य सरोकारवालाहरुको समन्वयमा सचेतना मूलक कार्यक्रमहरु स्थानीय पालिकाहरु तथा स्वास्थ्य कार्यालय, मकवानपुरले संचालन गर्ने ।

३. हेटौंडा अस्पतालबाट संचालित गौरीटारको कोभिड-१९ को आइसोलेसन सेन्टरको सुरक्षाको व्यवस्थापन नेपाली सेनाबाट हुँदै आएकोमा हाल आइसोलेसनमा बस्ने संक्रमितहरुको संख्या न्यून रहेकोले हुँदा पछि आवश्यकता बमोजिम खटाउने गरी हाललाई सो स्थानमा खटिएका नेपाली सेनाका जनशक्तिलाई फिर्ता गर्न जिल्ला सुरक्षा समितिलाई सिफारिस गर्ने ।